


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५४ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष २७ अंक १ | साउन – असोज २०७६ | Year 27 Vol 1 | Aug. 2019 -Oct. 2019

## राष्ट्रिय वाणिज्य बैंकको डोल्पोबुद्ध शाखा देशकै उच्च हिमाली मानव बस्तीमा सञ्चालन

**काठमाडौं, २४ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले देशकै उच्च हिमाली मानव बस्ती भएको स्थान डोल्पा जिल्लाको डोल्पोबुद्ध गांउपालिका वडा नं.१ धो मा शाखा कार्यालय डोल्पोबुद्ध सक्षम परियोजनाको सहयोगमा सञ्चालनमा ल्याएको छ । नेपाल सरकारका माननीय उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखेल र माननीय संघीय सांसद जनार्दन शर्मा प्रभाकरले एक समारोहका बिच संयुक्त रुपमा बैंकको २३८ औं शाखा कार्यालयको समुद्घाटन गर्नुभएको हो ।




उक्त अवसरमा नेपाल सरकारका माननीय उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखेलले सरकारी बैंकले देशकै उच्च हिमाली मानवबस्ती भएको स्थानमा शाखा सञ्चालन गरी बित्तीय पहुंच पुऱ्याएकोमा बैंकको थप प्रगतिको लागि शुभकामना व्यक्त गर्नुभयो । बैंकको ५ नं.प्रदेश कार्यालय नेपालगञ्जका प्रादेशिक प्रबन्धक आनन्द सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा सुवेदीले बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूको बैकलाई तोकिएका सबै स्थानीय निकायमा बैंकको पहुंच पुगेको संदेश सम्प्रेषण गर्नुभएको थियो ।

उक्त अवसरमा नेपाल सरकारका माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री धन बहादुर बुढा, कर्णाली प्रदेश सरकारका माननीय आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश ज्वाला, माननीय सामाजिक बिकासमन्त्री दल रावल, माननीय उद्योग, पर्यटन तथा वाताबरण मन्त्री नन्दसिंह बुढा, कर्णाली प्रदेशसभाका माननीय उपसभामुख पुष्पा घर्ती तथा माननीय प्रदेश सांसद बदामी कुमारी बोहोराको उपस्थिति रहेको थियो । त्यसैगरी उक्त कार्यक्रममा नेकपा कर्णाली प्रदेश अध्यक्ष गोरख

बाँकी पृष्ठ ४

## रा.वा. बैंकको १४ वटा नयाँ शाखा कार्यालयको संयुक्त समुद्घाटन



**काठमाडौं, ११ भदौ**

माननीय अर्थमन्त्री डा.युबराज खतिवडाले राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५ वटा प्रदेशका १२ जिल्लामा रहेका १४ वटा नयां शाखा कार्यालयहरुको संयुक्त डिजिटल प्रविधिबाट समुद्घाटन गर्नुभएको छ। उद्घाटन भएका नयां शाखाहरुमा झापा जिल्लाको वाह्रदशी गाउंपालिका वडा नं ४ स्थित शाखा कार्यालय चकचकी, मोरङ्ग जिल्लाको धनपालथान गाउंपालिका वडा नं ४ स्थित शाखा कार्यालय कर्सिया, काठमाडौं जिल्लाको काठमाडौं म.न.पा.वडा न.३२ स्थित शाखा कार्यालय कोटेश्वर, काठमाडौं जिल्लाको टोखा न.पा.वडा नं ७ स्थित शाखा कार्यालय टोखा, तनहुं जिल्लाको शुक्लगण्डकी न.पा.वडा नं. ६ स्थित शाखा कार्यालय खैरेनी टार, गुल्मी जिल्लाको कालीगण्डकी गाउंपालिका वडा नं ४ स्थित शाखा कार्यालय पूर्तिघाट, नवलपुर जिल्लाको देवचुली न.पा. वडा नं. १६ स्थित शाखा कार्यालय टांगीकोट, कपिलबस्तु जिल्लाको शिवराज न.पा.वडा नं. ८ स्थित शाखा कार्यालय चन्द्रौटा, दाङ्ग जिल्लाको घोराही उपमहानगरपालिका वडा नं. १५ स्थित शाखा कार्यालय घोराही, पर्सा जिल्लाको पोखरीया न.पा. वडा नं. ४ स्थित शाखा कार्यालय पोखरीयाबजार, मकवानपुर जिल्लाको भिमफेदी गाउंपालिका वडा नं. ६ स्थित शाखा कार्यालय भिमफेदी, महोत्तरी जिल्लाको बलवा न.पा वडा नं. ६ स्थित शाखा कार्यालय बलवाबजार, रौतहट जिल्लाको चन्द्रपुर न.पा. वडा नं. ४ स्थित शाखा कार्यालय चन्द्रपुर, महोत्तरी जिल्लाको पिपरा गाउंपालिका वडा नं. ४ स्थित शाखा कार्यालय पिपरा रहेका छन् ।

राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्को सभापतित्वमा भएको समारोहमा प्रमुख अतिथि माननीय अर्थमन्त्री डा.युबराज खतिवडाले पहिलाको तुलनामा राष्ट्रिय वाणिज्य बैंकले प्रगति गरेको चर्चा गर्दै थप उत्पादकत्व बृद्धि हुने गरी कार्य गर्नुपर्ने

बाँकी पृष्ठ ४



# राष्ट्रिय वाणिज्य बैंक लि.को विशेष साधारण सभा सम्पन्न




**काठमाडौं, ५ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको विशेष साधारण सभा सम्पन्न भएको छ। विशेष साधारण सभाले बैंकले धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता सम्बन्धि कार्य गर्न सहायक कम्पनी स्थापना गर्ने सम्बन्धमा विशेष प्रस्ताव पारित गरेको छ। बैंक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङको सभापतित्वमा सम्पन्न सो विशेष साधारण सभामा अध्यक्ष गुरुङले प्रस्ताव प्रस्तुत गर्नु हुँदै बैंकले विभिन्न सहायक कम्पनी मार्फत व्यवसाय गरी आर्थिक सबलीकरणमा सहयोग पुऱ्याउने विचार व्यक्त गर्नुभयो। विशेष साधारण सभामा बैंकका शेयरधनीहरु क्रमशः नेपाल सरकारका महालेखा नियन्त्रकको कार्यालय, उर्जा मन्त्रालयका प्रतिनिधि तथा साधारण शेयरधनी डमरु बल्लभ घिमिरेले राख्नुभएको जिज्ञासाबारे बैंक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङले जवाफ दिनुभएको थियो।

सो विशेष साधारण सभामा बैंकका संचालक समितिका सदस्यहरु रबीन्द्रलाल श्रेष्ठ, जनककुमार बराल, विद्यावारीधि सिग्देल, अर्जुनबहादुर अधिकारी, डा.माधवप्रसाद दाहाल, बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृतद्धय कबिराज अधिकारी, केशबप्रसाद लम्साल, उपककार्यकारी अधिकृतहरु महेन्द्रप्रसाद अवस्थी, सरस्वती अधिकारी, देवेशप्रसाद लोहनी तथा बैंक भित्र क्रियाशील तीनवटै ट्रेड युनियनका प्रतिनिधिहरु लगायतको उपस्थिति रहेको थियो। विशेष साधारण सभालाई कम्पनी सचिव भोलानाथ पौडेलले सहजीकरण गर्नुभएको थियो।

# नेपाल राष्ट्र बैंक र राष्ट्रिय वाणिज्य बैंक लि. बिच आरटीजीएस सम्बन्धि सम्झौता



**काठमाडौं, ११ भदौ**

नेपाल राष्ट्र बैंक र राष्ट्रिय वाणिज्य बैंक लिमिटेड बिच रियल टाइम ग्रस सेटलमेन्ट (आरटिजीएस) प्रणाली लागु गर्ने सम्बन्धमा सम्झौता भएको छ। नेपाल राष्ट्र बैंकका भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक बमबहादुर मिश्र र राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले हस्ताक्षर गर्नुभएको छ।

उक्त सम्झौता भएपश्चात ग्राहकले वास्तविक समयमा नै एक बैंकबाट अर्को बैंकको जुनसुकै खातामा रकम भुक्तानी गर्न सक्नेछन्। रकम पठाउने व्यक्तिले बैंकको कुनै पनि शाखामा एउटा निवेदन लेखेर दिएपछि सोही समयमा नै अर्को बैंकको खातामा रकम जम्मा हुनेछ।

उक्त समारोहमा नेपाल राष्ट्र बैंकका निर्देशक आनन्द पौडेल, उप निर्देशक टेकराज भण्डारी, राष्ट्रिय वाणिज्य बैंकका उप कार्यकारी अधिकृत देवेशप्रसाद लोहनी, विभागीय प्रमुख रिको स्थापित लगायतको उपस्थिति रहेको थियो।

# रा.वा. बैंक र ग्रामीण उद्यम तथा विप्रेषण आयोजना बिच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता



**काठमाडौं, ३ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत रहेको ग्रामीण उद्यम तथा विप्रेषण आयोजना "संबृद्धि" बिच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र ग्रामीण उद्यम तथा विप्रेषण आयोजनाका निमित्त आयोजना प्रमुख अजय बर्तौलाले हस्ताक्षर गर्नुभएको छ। सम्झौता पछि ग्रामीण उद्यम तथा विप्रेषण आयोजनाको सिफारिसमा बैदेशिक रोजगारमा गएका परिवार तथा बैदेशिक रोजगारबाट फर्केका कृषि कार्य गर्न चाहने उद्यमीहरुलाई बैंकले नियमानुसार सहुलियपूर्ण कर्जा अन्तर्गत सहुलियत दरमा कर्जा लगानी गर्ने छ।

समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले सम्झौता पश्चात बैदेशिक रोजगारबाट प्राप्त विप्रेषण उत्पादनशील क्षेत्रमा लगानी भई सरकारको नीति तथा कार्यक्रमको कार्यन्वयनमा थप सघाउ पुगी रोजगारी श्रृजना समेत हुने बताउनुभयो। श्रेष्ठले बैंकको ७ प्रदेश ७७ वटै जिल्लामा रहेको सम्पूर्ण शाखा कार्यालयहरुबाट यो कर्जा लिन सकिने बताउनुभयो। ग्रामीण उद्यम तथा विप्रेषण आयोजनाका निमित्त आयोजना प्रमुख अजय बर्तौलाले आयोजनाको सिफारिस बमोजिम लगानी भएको कर्जाको असुलीमा आयोजनाको पनि नैतिक दायित्व रहने बताउनुभयो। उहांले आयोजनाले हाल मोरङ्ग, सुनसरी, उदयपुर, धनकुटा, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, खोटाङ्ग, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सिन्धुली, सर्लाही, रौतहट, बारा जिल्लामा कार्य गरिरहेको बताउनुभयो।

उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरु कबिराज अधिकारी, केशबप्रसाद लम्साल, उपकार्यकरी अधिकृतहरु महेन्द्रप्रसाद अवस्थी, सरस्वती अधिकारी, देवेशप्रसाद लोहनी, देवेन्द्ररमण खनाल, विभागीय प्रमुखहरु, आयोजनाका ग्रामीण बित्त विशेषज्ञ सन्तोष अधिकारी लगायतको उपस्थिति रहेको थियो। कृषि तथा सामाजिक बैंकिङ्ग विभागका प्रमुख राज्य लक्ष्मी खड्गीले कार्यक्रम संचालन गर्नुभएको थियो।

**सुझाव तथा प्रतिक्रियाको लागिः** यस समाचारलाई उपयोगी हुने बैंकका गतिविधि, लेख, रचना, प्रतिक्रिया, सुझाव लगायतका सामग्री निम्न ठेगानामा प्रेषित गर्नुहुन अनुरोध छ। -सम्पादक
ई-मेलः rbbnl@rbb.com.np, फोनः ०१-४२५२५९५, Ext. २४२३

# शाखा प्रबन्धक स्तरीय प्रादेशिक गोष्ठीहरू सम्पन्न

**काठमाडौं, ७ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड ब्रान्च अपरेशन विभागको आयोजना, तालिम तथा विकास विभागको व्यवस्थापन र प्रादेशिक कार्यालयहरुको संयोजनमा पांचवटै प्रदेशमा शाखा प्रबन्धक स्तरीय लक्ष्य प्रगति समिक्षा गोष्ठी सम्पन्न भएका छन् । सो गोष्ठीमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले तथ्याङ्कमा मात्र बैंक ठुलो भएर राम्रो नहुने, बैंकिङ्ग क्षेत्रका हरेक विषयमा उत्कृष्ठ हुनुपर्ने त्यसका लागि बैंकले क्लिन एण्ड स्मार्ट आरबिबि विथ कन्सोलिडेसन अभियान संचालन गरिरहेको विचार ब्यक्त गर्नुभयो । अब बैंकले व्यवसाय बिस्तार, कर्जा असूली, मानव संशाधन, ग्राहक सेवा, कम्प्लायन्स, कानून, लेखापरिक्षण, सूचना प्रविधि, बैंकिङ्ग उपकरण, सम्पत्ति व्यवस्थापन, रिपोटिङ्ग, सरसफाई, तालिम लगायत हरेक क्षेत्रमा बैंकले सुदृढिकरण गर्ने अभियान संचालन गरिरहेको बताउनुभयो । साथै उहांले शाखाहरुले राज्यले लिएका लक्ष्यलाई सघाउ पुर्‍याउदैं जोखिम न्यूनिकरणका सम्बन्धमा नियमन निकायले दिएका निर्देशनहरुको पूर्ण रुपमा परीपालाना गनुपर्ने विचार पुनःब्यक्त गर्नुभयो । गोष्ठीमा हरेक शाखाका प्रबन्धकहरुले शाखाका विविध पक्षका बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो भने बैंकका उच्च व्यवस्थापनबाट जिज्ञासा सहित सुझावहरु दिनुभएको थियो । प्रदेशगत रुपमा संचालन भएको गोष्ठी कार्यक्रम ब्रान्च अपरेशन विभागका उपप्रबन्धक जितेन्द्रसिंह थापाले संचालन गर्नुभएको थियो ।




**३ नम्बर प्रदेश कार्यालय, काठमाडौं**

३ नम्बर प्रदेश कार्यालय अन्तरगतका शाखा प्रबन्धकहरुको आ.व. २०७५।०७६ को लक्ष्य, प्रगति, समिक्षा गोष्ठी साउन १३ देखि १४ गते सम्म नगरकोटमा सम्पन्न भएको छ । ३ नम्बर प्रदेश कार्यालयकी प्रमुख सोनी श्रेष्ठको अध्यक्षतामा भएको सो गोष्ठीमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायव प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, उपकार्यकारी अधिकृतहरु टेकराज जोशी, देबेन्द्ररमण खनाल, विभागीय प्रमुखहरु विनयरमण पौडेल, रिकु स्थापित, सरोज बस्नेत, दिपकराज न्यौपाने लगायत ३ नम्बर प्रदेश कार्यालय अन्तरगतका ५१ शाखा कार्यालयका प्रबन्धकहरुको सहभागिता रहेको थियो । सो गोष्ठीको भोलीपल्ट केशबप्रसाद लम्साल, देवेश प्रसाद लोहनी, देवेन्द्ररमण खनाल, विनयरमण पौडेल, रिको स्थापित, कृष्ण शाहले कर्जा व्यवस्थापन, कम्प्लायन्स, डिजिटल बैंकिङ्ग सम्बन्धि विषयगत प्रशिक्षण दिनु भएको थियो ।

**गण्डकी प्रदेश कार्यालय, पोखरा**

गण्डकी प्रदेश कार्यालय अन्तरगतका शाखा प्रबन्धकहरुको गोष्ठी आ.व. २०७५।०७६ को लक्ष्य, प्रगति, समिक्षा साउन १७ देखि १८ गते सम्म कास्कीमा सम्पन्न भएको छ । गण्डकी प्रदेश कार्यालयका प्रमुख ऋषिराम ढकालको अध्यक्षतामा भएको सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायव प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, उपकार्यकारी अधिकृतहरु देबेन्द्ररमण खनाल, विभागीय प्रमुखहरु विनयरमण पौडेल, रिकु स्थापित, सरोज बस्नेत, दिपकराज न्यौपाने लगायत गण्डकी प्रदेश कार्यालय अन्तरगतका ४५ शाखा कार्यालयका प्रबन्धकहरुको सहभागिता रहेको थियो । सो गोष्ठीको भोलीपल्ट केशवप्रसाद लम्साल, देवेशप्रसाद लोहनी, देवेन्द्ररमण खनाल, विनयरमण पौडेल, रिको स्थापित, प्रमोद भूर्जी, ने.रा.बैंकका निर्देशक डिल्लीराम पोखरेलले कर्जा व्यवस्थापन, कम्प्लायन्स, डिजिटल बैंकिङ्ग सम्बन्धि विषयगत प्रशिक्षण दिनु भएको थियो ।



**१ नम्बर प्रदेश कार्यालय, विराटनगर**



१ नम्बर प्रदेश कार्यालय अन्तरगतका शाखा प्रबन्धकहरुको गोष्ठी आ.व. २०७५।०७६ को लक्ष्य, प्रगति, समिक्षा साउन २४ देखि २६ गते सम्म इटहरीमा सम्पन्न भएको छ । १ नम्बर प्रदेश कार्यालयका प्रमुख ऋषब भट्टराईको अध्यक्षतामा भएको सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायव प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, उपकार्यकारी अधिकृत देबेन्द्ररमण खनाल, विभागीय प्रमुखहरु रिकु स्थापित, सरोज बस्नेत, विभागीय उपप्रमुख दामोदर ज्ञवाली लगायत १ नम्बर प्रदेश कार्यालय अन्तरगतका ४७ शाखा कार्यालयका प्रबन्धकहरुको सहभागिता रहेको थियो । सो गोष्ठीको भोलीपल्ट ने. रा. बैंकका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला, ने.रा. बैंक निर्देशक रोशन कुमार सिग्देल, केशबप्रसाद लम्साल, देवेन्द्ररमण खनाल, देवेशप्रसाद लोहनी, रिको स्थापित, कृष्ण शाह, दामोदर ज्ञवालीले कर्जा व्यवस्थापन, कम्प्लायन्स, डिजिटल बैंकिङ्ग सम्बन्धि विषयगत प्रशिक्षण दिनु भएको थियो ।




**२ नम्बर प्रदेश कार्यालय, वीरगंज**

२ नम्बर प्रदेश कार्यालय अन्तरगतका शाखा प्रबन्धकहरुको गोष्ठी आ.व. २०७५।०७६ को लक्ष्य, प्रगति, समिक्षा साउन ३१ देखि ३२ गते सम्म चितवनमा सम्पन्न भएको छ। २ नम्बर प्रदेश कार्यालयका प्रमुख विश्वप्रकाश ज्ञवालीको अध्यक्षतामा भएको सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायव प्रमुख कार्यकारी अधिकृतहरु कबिराज अधिकारी, केशबप्रसाद लम्साल, उपकार्यकारी अधिकृतहरु महेन्द्रप्रसाद अवस्थी, देबेन्द्ररमण खनाल, विभागीय प्रमुख रिकु स्थापित, विभागीय उपप्रमुखहरु दामोदर ज्ञवाली, शिवप्रसाद चालिसे लगायत २ नम्बर प्रदेश कार्यालय अन्तरगतका २८ शाखा कार्यालयका प्रबन्धकहरुको सहभागिता रहेको थियो । सो गोष्ठीको भोलीपल्ट कबिराज अधिकारी, केशबप्रसाद लम्साल, देवेन्द्ररमण खनाल, रिको स्थापित, दिपकराज न्यौपाने, दामोदर ज्ञवाली, विमल प्रसाद जोशीले कर्जा व्यवस्थापन, कम्प्लायन्स, डिजिटल बैंकिङ्ग सम्बन्धि विषयगत प्रशिक्षण दिनु भएको थियो ।

बाँकी पृष्ठ ४

# बैंकद्वारा युवा लक्षित "RBB Empowerment Academy" कार्यक्रमको शुरुवात




**काठमाडौं, ३० असोज**

लामो इतिहास बोकेको राष्ट्रिय वाणिज्य बैंकले विशेष गरी युवा वर्गहरुको लागि गर्नुपर्ने सामाजिक उत्तरदायित्व अन्तर्गत आज एक समारोहका बिच RBB Empowerment Academy को शुरुवात गरको छ । फाइनान्सियल ट्रेनिङ्ग सेन्टरको रुपमा अगाडि लैजाने उद्देश्यले शुरु गरिएको यस एकेडेमीबाट विशेष गरी युवावर्गले लाभ लिन सक्नेछन् । यस एकेडेमीले २०७६ कार्तिक १ गते बाट नै नि:शुल्क आवेदन दिन सक्ने गरी वित्तीय क्षेत्रमा रोजगारी पाउन तीन दिने टेक्निकल, विहेभीरल र प्राक्टिकल बैंकिङ्ग विषयगत तयारी कक्षा संचालन गर्दैछ । पहिलो चरणको ट्रेनिङ्ग, प्रदेश नं.३ अन्तर्गत स्नातक र स्नाकोत्तर डिग्री भएका कलेजका विधार्थीहरुलाई मात्र लक्षित गरी आवेदन आव्हान गरीएको छ । वित्तीय क्षेत्रमा आफ्नो करियर बनाउन चाहने युवा विद्यार्थीहरुले यसबाट भरपुर लाभ लिन सक्नेछन् । वित्तीय क्षेत्रका अनुभवी बैंकरहरुद्धारा नि:शुल्क रुपमा दिइने यस तालिम, बैंकको दरबारमार्ग काठमाण्डौ स्थित तालिम केन्द्रमा आगामी कार्तिक २२, २३ र २४ गते आयोजना हुनेछ । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठज्युले ५५ वर्षको लामो इतिहास बोकेको सरकारी बैंकको नाताले युवा वर्गहरुको वृत्ति विकाशका लागि र समाजलाई केही योगदान दिने उद्देश्यले सामाजिक उत्तरदायित्व निर्वाह गर्दै यो तालिम केन्द्रको शुरुवात गरिएको कुरा बताउनुभयो । वित्तिय क्षेत्रमा आफ्नो करीयर बनाउन ठुलै शिक्षित जमात लालायित भइरहेको परिप्रेक्षमा, रोजगार उन्मुख यस्ता किसिमका तालिमहरुले युवकहरुको वृत्ति विकासमा धेरै सहयोग गर्ने कुरामा विश्वस्त हुनुभयो ।

सम्भवत: नेपालमै पहिलो पटक बैंकले निशुल्क रुपमा आयोजना गरेको युवा लक्षित यस्तो किसिमको रोजगारी उन्मुख तालिमहरु निकट भविश्यमै अन्य प्रदेशहरुमा पनि संचालन गरिनेछ ।

रोजगारी साझेदारको रुपमा Job Dynamics का प्रवन्ध निर्देशक राजीव शर्मा ज्युले तालिमको बारेमा विस्तृत जानकारी दिनु भएको थियो । बैंकका नायब प्रमुख कार्यकारी अधिकृत केशबप्रसाद लम्सालले स्वागत मन्तब्य ब्यक्त गर्नुभएको कार्यक्रम ईश्वर उप्रेतीले संचालन गर्नुभएको थियो ।

विस्तृत जानकारीका लागी बैंकको अफिसियल वेबसाईट www.rbb.com.np मा लग इन गरी प्राप्त गर्न सकिने छ ।

## राष्ट्रिय वाणिज्य बैंकको डोल्पोबुद्ध शाखा.....

बहादुर बोगटी, जिल्ला समन्वय समिति प्रमुख शेर बहादुर बुढा, नेकपा केन्द्रीय सदस्य हंश बहादुर शाही, नेपाली कांग्रेस सभापति अंगद बहादुर बुढा, ढोल्पोबुद्ध गाउपालिका अध्यक्ष तेम्बा गुरुङ, छार्कताङसोङ गाउपालिका अध्यक्ष सेनाङ गुरुङ, काइके गाउपालिका अध्यक्ष अंगद राना, डोल्पोबुद्ध गाउपालिका वडा नं. १ का वडाध्यक्ष ग्याल्पो थापा भोटे, रा.स.स महाप्रबन्धक ओपेन्द्र शर्मा, प्रहरी नायब उपरिक्षक नारायण रंजितकार, उपप्रधान तथा रक्षामन्त्रीज्यूका स्वकीय सचिब लोकेन्द्र के.सी, बैंकका प्रबन्धक होताराम योगी, उपप्रबन्धक लिलाराम ढुगाना, मुड्केचुला शाखा प्रबन्धक जंगवीर बि.क., सहायक हेमराज बुढा लगायत पत्रकारहरु र सर्व साधारणहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

## बैंकको १४ वटा.....

बताउनुभयो । उहांले सामाजिक बैंकिङ्ग सहितको मुनाफा सरकारले बैंकबाट चाहेको बताउनुभयो । उहांले बैंकले प्राथमिकता क्षेत्र तोकेर लगानी गर्नुपर्ने, वित्तीय पहुँचको लागि वित्तीय साक्षरता अभियानलाई अगाडि बताउनुपर्ने बताउनुभयो । नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले सरकारी नीति कार्यक्रमलाई सफल बनाउन रा.वा.बैंक खरो रुपमा उत्रेको बताउनुभयो । राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्गले सिमित स्रोत साधनको अभावमा पनि रा.वा.बैंकले उत्कृष्ठ सेवा सहित सर्वोत्कृष्ठ मुनाफा गरेको बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकले बैंकिङ्ग प्रविधिलाई आत्मसात गरी समग्र बैंकको सुदृढिकरणको लागि Clean and Smart RBB with Consolidation अभियान संचालन गरिरहेको बताउनुभयो ।

उक्त समारोहमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर शिवराज श्रेष्ठ, कार्यकारी निर्देशकहरु देबकुमार ढकाल, मुकुन्दकुमार क्षेत्री, राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका सदस्यहरु निर्मलहरि अधिकारी, रबिन्द्रलाल श्रेष्ठ, अर्जुनबहादुर अधिकारी, डा. माधब प्रसाद दाहाल, बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरु, उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु, प्रदेश कार्यालयका प्रमुख, कम्पनी सचिव, काठमाडौं उपत्यका भित्रका शाखा प्रबन्धकहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## शाखा प्रबन्धक स्तरीय........




**५, ६ नम्बर र सुदुर पश्चिम प्रदेश कार्यालय**

५, ६ नम्बर र सुदुर पश्चिम प्रदेश कार्यालय अन्तरगतका शाखा प्रबन्धकहरुको गोष्ठी आ.व. २०७५।०७६ को लक्ष्य, प्रगति, समिक्षा भदौ ६ देखि ७ गते सम्म नेपालगंजमा सम्पन्न भएको छ । ५ नम्बर प्रदेश कार्यालयका प्रमुख आनन्द सुवेदीको अध्यक्षतामा भएको सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायव प्रमुख कार्यकारी अधिकृत केशबप्रसाद लम्साल, उपकार्यकारी अधिकृतहरु महेन्द्रप्रसाद अवस्थी, देबेन्द्ररमण खनाल, विभागीय प्रमुखहरु विनयरमण पौडेल, रिकु स्थापित, सरोज बस्नेत, सुदुर पश्चिम प्रदेश कार्यालयका प्रमुख रणबहादुर चन्द लगायत ५, ६ नम्बर र सुदुर पश्चिम प्रदेश कार्यालय अन्तरगतका ५१ शाखा कार्यालयका प्रबन्धकहरुको सहभागिता रहेको थियो । सो गोष्ठीको भोलीपल्ट केशबप्रसाद लम्साल, देवेशप्रसाद लोहनी,, देवेन्द्ररमण खनाल, रिको स्थापित, विनयरमण पौडेल, विमलप्रसाद जोशी, ने.रा.बैंक निर्देशक मुक्तीनाथ सापकोटाले कर्जा व्यवस्थापन, कम्प्लायन्स, डिजिटल बैंकिङ्ग सम्बन्धि विषयगत प्रशिक्षण दिनु भएको थियो ।

## रा.वा. बैंक र हेफर इन्टरनेशनल नेपाल बिच सम्झौता




**काठमाडौं, ४ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र हेफर इन्टरनेशनल नेपाल बिच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता भएको छ । हेफर इन्टरनेशनलका बरिष्ठ उपाध्यक्ष डा. महेन्द्रनाथ लोहनीको समुपस्थितिमा भएको सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र हेफर इन्टरनेशनल नेपालका राष्ट्रिय निर्देशक डा.शुभ नारायण महतो ले हस्ताक्षर गर्नुभएको छ । सम्झौता पछि हेफर इन्टरनेशनल नेपालको सिफारिसमा बाखपालन, डेरी व्यवसाय, तरकारी खेती र लोकल कुखुरा पालनमा संलग्न कृषकहरुलाई बैंकले नियमानुसार सहुलियपूर्ण कर्जा अन्तर्गत सहुलियत दरमा कर्जा लगानी गर्ने छ ।

समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले सम्झौता पश्चात राज्यले लिएको नीति तथा कार्यक्रममा सहयोग पुग्ने गरी जनताको जीवनस्तरमा परिवर्तन आउने गरी राष्ट्रिय वाणिज्य बैंकले कृषि उद्यम गर्न चाहने कृषकहरुलाई सहुलियत रुपमा कर्जा लगानी गरिने बताउनुभयो । श्रेष्ठले बैंकको ७ प्रदेश ७७ वटै जिल्लामा रहेको सम्पूर्ण शाखा कार्यालयहरुबाट यो कर्जा लिन सकिने बताउनुभयो । हेफर इन्टरनेशनलका बरिष्ठ उपाध्यक्ष डा. महेन्द्रनाथ लोहनीले यो सम्झौता नेपालको गरिबी निवारणमा कोशेढुङ्गा सावित हुने बताउनुभयो । हेफर इन्टरनेशनल नेपालको सिफारिस बमोजिम लगानी भएको कर्जाको असुलीमा सो संस्थाको पनि नैतिक दायित्व रहनेछ । उहांले हेफरले हालसम्म नेपालमा ४१ जिल्लाका २ लाख ५० हजार गरीब तथा पिछडिएका परिवारलाई सहयोग गर्दै आईरहेको बताउनुभयो ।

उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका नायब प्रमुख कार्यकारी अधिकृत केशबप्रसाद लम्साल, उपकार्यकरी अधिकृतहरु टेकराज जोशी, महेन्द्रप्रसाद अवस्थी, देवेन्द्ररमण खनाल, विभागीय प्रमुखहरु, हेफर इन्टरनेशनल नेपालका कार्यक्रम निर्देशक निना जोशी, डा.तीर्थराज रेग्मी, बित्त निर्देशक गौरव रिजाल लगायतको उपस्थिति रहेको थियो । कार्यक्रम कृषि तथा सामाजिक बैंकिङ्ग विभागका प्रमुख राज्य लक्ष्मी खड्गीले संचालन गर्नुभएको थियो ।

## तालिम विदेश

**तालिम विदेश**




सन् २०१९ सेप्टेम्बर २३ देखि २७ सम्म फ्रांकफर्ट, जर्मनीमा संचालित "Sustainable Bank Management" विषयक कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारीले भाग लिनुभयो ।



सन् २०१९ सेप्टेम्बर २५ देखि २८ सम्म भुटानमा संचालित "Regional Workshop on Risk Management of Small and Medium Enterprise Lending" विषयक कार्यक्रममा बैंकका बरिष्ठ प्रबन्धक दामोदर ज्ञवालीले भाग लिनुभयो ।

## राष्ट्रिय वाणिज्य बैंक लि. र किष्ट टिचिङ्ग हस्पिटल बिच सम्झौता

**काठमाडौं, २३ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र किष्ट टिचिङ्ग हस्पिटल बिच बैंकका ग्राहकवर्ग, कर्मचारी तथा तिनका आश्रित परिवारलाई हस्पिटलले दिने सेवामा १५ प्रतिशत सम्म छुट दिने सम्बन्धि सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र किष्ट टिचिङ्ग हस्पिटलका कार्यकारी अध्यक्ष आशिष थापाले हस्ताक्षर गर्नुभएको छ ।



उक्त सम्झौता भएपश्चात राष्ट्रिय वाणिज्य बैंकका ग्राहकवर्ग, कर्मचारी तथा तिनका आश्रित परिवारले आउटसोर्स बाहेकको हस्पिटल सेवा शुल्कमा १५ प्रतिशत र फारमेसीमा ७ प्रतिशत छुट एक वर्ष सम्म पाउने छन् । उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका नायव प्रमुख कार्यकारी अधिकृतहरु कबिराज अधिकारी, केशबप्रसाद लम्साल, विभागीय प्रमुख पवन रेग्मी, किष्ट टिचिङ्ग हस्पिटलका पदाधिकारीहरुको उपस्थिती रहेको थियो ।

# मानव संशाधन

## सरुवा विवरण:

### मिति २०७६।०४।०५ देखी २०७६।०६।१५ गते सम्म भएका सरुवा तथा पदस्थापन:

| क्र.सं. | नाम | क.न. | हालको कार्यालय | प्रस्तावित कार्यालय | पद |
|---|---|---|---|---|---|
| १ | श्री पवन रेग्मी | ११९७० | मुख्य शाखा कार्यालय | ट्रेजरी विभाग | विभागीय प्रमुख |
| २ | श्री विनय रमण पौडेल | ११४८४ | मानव संसाधन बिभाग | संस्थागत तथा साना मझौला कर्जा विभाग | विभागीय प्रमुख |
| ३ | श्री दुर्गा कुमारी कण्डेल | १२४८३ | जोखिम व्य. तथा कर्जा अ.विभाग | मुख्य शाखा कार्यालय | शाखा प्रबन्धक |
| ४ | श्री नारायण प्रसाद लामिछाने | १२४३५ | कृषि तथा सामाजिक बैकिङ्ग विभाग | सम्पती व्यवस्थापन विभाग | विभागीय प्रमुख |
| ५ | श्री कमलेश ठाकुर | १२४३६ | सम्पती व्यवस्थापन विभाग | मार्केटिङ्ग तथा अनुसन्धान विभाग | विभागीय प्रमुख |
| ६ | श्री निम्वल श्रेष्ठ | ११४७३ | पुर्वाधार तथा सामाजिक कर्जा विभाग | जोखिम व्यवस्थापन तथा कर्जा अ.विभाग | विभागीय प्रमुख |
| ७ | श्री सञ्जय कुमार श्रेष्ठ | ११४८२ | संस्थागत तथा स.म.कर्जा विभाग | आन्तरिक लेखा परिक्षण विभाग | विभागीय प्रमुख |
| ८ | श्री रणबहादुर चन्द | १०७७५ | आन्तरिक लेखा परिक्षण विभाग | सु.प.प्रदेश कार्यालय | प्रादेशिक प्रमुख |
| ९ | श्री राज्य लक्ष्मी खड्गी | १११६४ | ब्रान्च अपरेशन विभाग | कृषि तथा सामाजिक बैकिङ्ग विभाग | विभागीय प्रमुख |
| १० | श्री भीमप्रसाद घिमिरे | ११०९६ | मानव संसाधन बिभाग | मानव संसाधन बिभाग | विभागीय प्रमुख |
| ११ | श्री सन्दिप जंग कार्की | ११२०१ | पुर्वाधार तथा सामाजिक कर्जा विभाग | पुर्वाधार तथा सह वित्तीयकरण कर्जा विभाग | विभागीय प्रमुख |
| १२ | श्री सरोज बस्नेत | १११९४ | कर्पोरेट | ब्रान्च अपरेशन विभाग | विभागीय प्रमुख |
| १३ | श्री रामकुमार थापा | १२४३७ | दरवारमार्ग | कर्णाली प्रदेश कार्यालय | प्रादेशिक प्रमुख |
| १४ | श्री भवानिशंकर निरौला | ११२०७ | ट्रेजरी विभाग | कानुन विभाग | विभागीय प्रमुख |
| १५ | श्री पुष्पचन्द्र थापा | १११७५ | टेकु | ट्रेजरी विभाग | उप प्रमुख |
| १६ | श्री गणेश चन्द्र पौडेल | १११८६ | महेन्द्रपुल | मानव संशाधन विभाग | उप प्रमुख |
| १७ | श्री अबिता श्रेष्ठ | ११२२४ | पुतलिसडक | पुर्वाधार तथा सहवित्तीयकरण कर्जा विभाग | उप प्रमुख |
| १८ | श्री दिनेश गौतम | १११६६ | क्षे.का.बिरगञ्ज (आ.ले.प.ईकाई) | आन्तरिक लेखा परिक्षण विभाग | उप प्रमुख |
| १९ | श्री शिब प्रसाद चालिसे | ११२२३ | बालाजु | ब्राञ्च अपरेशन विभाग | उप प्रमुख |
| २० | श्री हेमराज खरेल | १११९२ | विर्तामोड | सामान्य सेवा विभाग | उप प्रमुख |
| २१ | श्री दुश्यन्त राज निरौला | १११८४ | बिराटनगर | भोटाहिटी | शाखा प्रबन्धक |
| २२ | श्री दामोदर ज्ञवाली | ११२१२ | संस्थागत तथा स.म.कर्जा विभाग | संस्थागत तथा स.म.कर्जा विभाग | उप प्रमुख |
| २३ | श्री अच्युत गौतम | १११७४ | भोटाहिटी | कर्पोरेट | शाखा प्रबन्धक |
| २४ | श्री अरुण दु□ना | १२२२० | सुर्खेत | बिराटनगर | शाखा प्रबन्धक |
| २५ | श्री मीन बहादुर भुजेल | १२५४० | धरान | ऐंसेलुखर्क | शाखा प्रबन्धक |
| २६ | श्री चनक राम राई | ११४६६ | ऐंसेलुखर्क | लुक्ला | शाखा प्रबन्धक |
| २७ | श्री गणेश खत्री | ११०८५ | थापाथली | मानव संशाधन विभाग (अवकाश कोष) | कोष प्रशासक |
| २८ | श्री अनिल भण्डारी | ११९३७ | शिवगञ्ज | प्रस्तावित शा.का.चकचकी | नि.शाखा प्रबन्धक |
| २९ | श्री कृष्ण बहादुर कार्की | १२८८५ | शिवगञ्ज | शिवगञ्ज | शा.स. प्रबन्धक |
| ३० | श्री रोशन कुमार मेहता | १२१२७ | राजविराज | प्रस्तावित शा.का.चकचकी | नगद सहायक |
| ३१ | श्री मदन मेहता | १२८६३ | हाल कार्यरत देवकोटाचोक | प्रस्तावित शा.का.कर्सिया बजार | नगद सहायक |
| ३२ | श्री विष्णु दाहाल | ११७८० | हाल कार्यरत हेटौडा | प्रस्तावित शा.का.भिमफेदी | नि.शाखा प्रबन्धक |
| ३३ | श्री रिना मानन्धर | १२८०४ | हाल कार्यरत हेटौडा | प्रस्तावित शा.का.भिमफेदी | शा.स. प्रबन्धक |
| ३४ | श्री पार्वती दाहाल | १२७९६ | हाल कार्यरत हेटौडा | प्रस्तावित शा.का.भिमफेदी | नगद सहायक |
| ३५ | श्री धर्मेन्द्र महतो | ११८९२ | २ नं.प्रदेश कार्यालय | प्रस्तावित शा.का.पोखरिया | शाखा प्रबन्धक |
| ३६ | श्री प्रियंका गुप्ता | १२८६८ | हाल कार्यरत विरगञ्ज | प्रस्तावित शा.का.पोखरिया | शा.स. प्रबन्धक |
| ३७ | श्री ईश्वर बर्तौला | १२९५६ | हाल कार्यरत श्रीपुर | प्रस्तावित शा.का.पोखरिया | नगद सहायक |
| ३८ | श्री सन्जय शर्मा | ११६६८ | धनुषा महेन्द्रनगर | प्रस्तावित शा.का.बलवाबजार | नि.शाखा प्रबन्धक |
| ३९ | श्री विजय कुमार गुप्ता | १२३०८ | गाईघाट | प्रस्तावित शा.का.बलवाबजार | नगद सहायक |
| ४० | श्री दिनेश कुमार रजक | ११६६२ | जनकपुर | प्रस्तावित शा.का.पिपराबजार | नि.शाखा प्रबन्धक |
| ४१ | श्री भगवान चौधरी | १२३६१ | खजुरा | प्रस्तावित शा.का.पिपराबजार | नगद सहायक |
| ४२ | श्री मणिराज विश्वकर्मा | १२५०८ | गौर | प्रस्तावित शा.का.चन्द्रनिगाहपुर | शाखा प्रबन्धक |
| ४३ | श्री कृष्ण चन्द थिङ्ग | १२६२० | कपिलाकोट | प्रस्तावित शा.का.चन्द्रनिगाहपुर | नगद सहायक |
| ४४ | श्री निर्मल सुवेदी | १२४८२ | बुटवल | प्रस्तावित शा.का.टांगिकोट | शाखा प्रबन्धक |
| ४५ | श्री तारा काफ्ले | १२७७५ | हाल कार्यरत कावासोती | प्रस्तावित शा.का.टांगिकोट | सहायक |
| ४६ | श्री ममता तिवारी | १२६७२ | हाल कार्यरत गैडाकोट | प्रस्तावित शा.का.टांगिकोट | नगद सहायक |
| ४७ | श्री तुल्सीमणि अधिकारी | ११५४३ | दमौली | प्रस्तावित शा.का.खैरेनिटार | शाखा प्रबन्धक |
| ४८ | श्री कृष्ण चन्द थापा | १०७८९ | अमरसिंहचोक | प्रस्तावित शा.का.खैरेनिटार | नगद सहायक |
| ४९ | श्री कमला कार्की ढकाल | १२२५१ | भैरहवा | दमौली | शाखा प्रबन्धक |
| ५० | श्री सविता भण्डारी | १२५२४ | भैरहवा | भैरहवा | शा.स. प्रबन्धक |
| ५१ | श्री अर्जुन अर्याल | १२२३३ | गुल्मी | प्रस्तावित शा.का.पुर्तिघाट | शाखा प्रबन्धक |
| ५२ | श्री अनिल खनाल | १०६५५ | क्षे.का.पोखरा | अमरसिंहचोक | नगद सहायक |
| ५३ | श्री गोपाल प्रसाद न्यौपाने | ११४३६ | सन्धिखर्क | प्रस्तावित शा.का.चन्द्रौटा | शाखा प्रबन्धक |
| ५४ | श्री सुमन थापा | १२२८१ | पाल्पा | प्रस्तावित शा.का.चन्द्रौटा | नगद सहायक |
| ५५ | श्री गुणनिधि भुषाल | १०७१५ | सन्धिखर्क | गुल्मी | शाखा प्रबन्धक |
| ५६ | श्री कमल प्रसाद आचार्य | ११४३१ | गुल्मी | सन्धिखर्क | शाखा प्रबन्धक |
| ५७ | श्री उमेश प्रसाद यादव | ११७५६ | गोरखा | गोरखा (सिउरिनिटार काउण्टर) | सहायक |
| ५८ | श्री नविना ढकाल | १२५११ | बर्दघाट | प्रस्तावित शा.का.कोटेश्वर | शा.स. प्रबन्धक |
| ५९ | श्री शिशु राई श्रेष्ठ | १०८१५ | ठमेल | प्रस्तावित शा.का.कोटेश्वर | नगद सहायक |
| ६० | श्री रोशनी भण्डारी | १२२९० | ठमेल | ठमेल | नगद सहायक |
| ६१ | श्री श्रीधर घिमिरे | ११९०५ | लमही | प्रस्तावित शा.का.घोराही | शाखा प्रबन्धक |
| ६२ | श्री मन्जु के.सि. | १२८९२ | हाल कार्यरत तुल्सीपुर | प्रस्तावित शा.का.घोराही | नगद सहायक |
| ६३ | श्री दिपक राज आचार्य | ११४४० | विद्यापुर | लमही | शाखा प्रबन्धक |
| ६४ | श्री सुजाता थापा | ११८३७ | बुढानिलकण्ठ | प्रस्तावित शा.का.टोखा | शा.स. प्रबन्धक |
| ६५ | श्री बिनोद भुषाल | १२३८४ | टेकु | प्रस्तावित शा.का.टोखा | नगद सहायक |
| ६६ | श्री गोविन्द देव भट्ट | ११४२२ | बैतडी | लम्की | शाखा प्रबन्धक |
| ६७ | श्री राजेन्द्र कुमार श्रेष्ठ | १०६८५ | लम्की | प्रदेश कार्यालय नेपालगञ्ज | उप प्रबन्धक |
| ६८ | श्री शंकर कुमारी दु□ल | १०२४६ | धनकुट्टा | अन्तर शाखा हिसाब मिलान विभाग | उप प्रबन्धक |
| ६९ | श्री अरुण कुमार महरा | १२६४२ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | सु.प.प्रदेश कार्यालय | ब.स. (सू.प्र.) |
| ७० | श्री आनन्द सुवेदी | १११९८ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | प्रदेश प्रबन्धक |
| ७१ | श्री भोजराज भट्ट | ११२२१ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | सु.प.प्रदेश कार्यालय | उप प्रमुख |
| ७२ | श्री चक्र देव भट्ट | १०८६३ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | सु.प.प्रदेश कार्यालय | बरिष्ठ सहायक |
| ७३ | श्री देवान सिंह थापा | १०६८९ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | उप प्रबन्धक |
| ७४ | श्री दिपेश गौतम | ११६१६ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | उप प्रबन्धक |
| ७५ | श्री गोपाल श्रेष्ठ | ९६९६ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | बरिष्ठ सहायक |
| ७६ | श्री होताराम योगी | ११०६९ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | कर्णाली प्रदेश कार्यालय | उप प्रमुख |
| ७७ | श्री जनक बहादुर शाही | ९९२१ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | कर्णाली प्रदेश कार्यालय | बरिष्ठ सहायक |
| ७८ | श्री लिला राम दु□ना | ११६१८ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | उप प्रबन्धक |
| ७९ | श्री रोशन सुवेदी | १२५६९ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | स. प्र. (कृषि) |
| ८० | श्री शुशिला सिग्देल | १०९३१ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | बरिष्ठ सहायक |
| ८१ | श्री सुमन बस्याल | १२१०३ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | सहायक प्रबन्धक |
| ८२ | श्री प्रकाश बहादुर सिंह | ११४२५ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | कर्णाली प्रदेश कार्यालय | सहायक प्रबन्धक |
| ८३ | श्री भुमिराज जोशी | १०९६५ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | बरिष्ठ सहायक |
| ८४ | श्री गान्धिराज बि.सी. | १०६८४ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | कर्णाली प्रदेश कार्यालय | उप प्रबन्धक |
| ८५ | श्री राजेन्द्र कुमार श्रेष्ठ | १०६८५ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | उप प्रबन्धक |
| ८६ | श्री भक्त बहादुर शाही | ९७०७ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | सहयोगी |
| ८७ | श्री फुलराम थारु | १०५६३ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | सहयोगी |
| ८८ | श्री इन्द्र प्रसाद चौधरी | ११२५८ | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | ५ नं.प्रदेश कार्यालय, नेपालगञ्ज | सुरक्षा गार्ड |
| ८९ | श्री सुरज पोखरेल | ११६७० | हनुमाननगर | हनुमाननगर | नि.शाखा प्रबन्धक |
| ९० | श्री परशुराम माझी | ११६३८ | सुखिपुर | सुखिपुर | नि.शाखा प्रबन्धक |
| ९१ | श्री टिका राज रिजाल | १२२१७ | बिरगञ्ज | विर्तामोड | शाखा प्रबन्धक |
| ९२ | श्री रन्जन उप्रेती | ११६८२ | मिर्चैया | बिरगञ्ज | शाखा प्रबन्धक |
| ९३ | श्री कृष्ण देव गोसाई | ११७१७ | लहान | मिर्चैया | शाखा प्रबन्धक |
| ९४ | श्री पवन कुमार कुशवाहा | १२१८१ | बलरा | बलरा | नि.शाखा प्रबन्धक |
| ९५ | श्री पुष्पा कुमारी खनाल | १२२१८ | ३ नं.प्रदेश का.काठमाण्डौ | पुतलीसडक | शाखा प्रबन्धक |
| ९६ | श्री वेद प्रसाद आर्चाय | ११०६५ | ब्रान्च अपरेशन विभाग | बालाजु | शाखा प्रबन्धक |
| ९७ | श्री लिला कुमार जोशी | १०७९४ | प्रमुख कार्यकारी अधिकृतको कार्यालय | ब्रान्च अपरेशन विभाग | प्रबन्धक |
| ९८ | श्री भावना फुयाल | ११४६९ | सल्लेरी | लुभु | शाखा प्रबन्धक |
| ९९ | श्री शृजना बज्राचार्य | १२४८५ | ललितपुर | वित विभाग | प्रबन्धक |
| १०० | श्री युवराज घिमिरे | ११०७३ | संस्थागत तथा सा.म.क.विभाग | टेकु | शाखा प्रबन्धक |
| १०१ | श्री रुद्रनाथ पोखरेल | ११६७६ | मुख्य शाखा का, काठमाण्डौ | पुर्वाधार तथा सहवितियकरण कर्जा विभाग | प्रबन्धक (लेखा) |
| १०२ | श्री दयाराम पन्त | ११३०० | गण्डकी प्रदेश का.पोखरा | महेन्द्रपुल | शाखा प्रबन्धक |
| १०३ | श्री लिला राम दुङ्गाना | ११६१८ | ५ नं.प्रदेश का.नेपालगञ्ज | सुर्खेत | शाखा प्रबन्धक |
| १०४ | श्री सबिता शाही | १२५२० | नेपालगञ्ज | सिमिकोट | शाखा प्रबन्धक |
| १०५ | श्री ठोक्रे बिष्ट | ११४०२ | सिमिकोट | सुर्खेत | शा.स. प्रबन्धक |
| १०६ | श्री दिगन्त राज पन्त | १०६९० | मुख्य शाखा का. काठमाण्डौ | हेटौडा | शा.स. प्रबन्धक |
| १०७ | श्री रमेश ओझा | ८९९९ | इनरुवा | बरगाछी | नगद सहायक |
| १०८ | श्री इश्वर कुमार पोखरेल | ६९५३ | बरगाछी | इनरुवा | नगद सहायक |
| १०९ | श्री नवराज खनाल | १२२३८ | मान्म | विद्यापुर | नि.शाखा प्रबन्धक |
| ११० | श्री सुशिल कुमार साह | १०९०२ | जलेश्वर | जलेश्वर | बरिष्ठ सहायक |
| १११ | श्री कुशेश्वर कुमार यादव | १२२८० | जलेश्वर | जलेश्वर | नगद सहायक |
| ११२ | श्री यादव प्रसाद शर्मा पौडेल | १२५१९ | कावासोती | पातिचौर | शाखा प्रबन्धक |
| ११३ | श्री नारायण बहादुर बज्राचार्य | १००८१ | पाल्पा | आर्यभञ्याङ्ग | शाखा प्रबन्धक |
| ११३ | श्री राजेश काजी शाक्य | १०८२६ | पाल्पा | पाल्पा | नगद सहायक |
| ११५ | श्री बिजय कर्माचार्य | १२१६१ | परासी | गुल्मी | शा.स. प्रबन्धक |
| ११६ | श्री भुजराज चापागांई | १०६५९ | रत्ननगर | तालिम तथा विकास विभाग | उप प्रबन्धक |
| ११७ | श्री ज्ञान बहादुर भुलोन | ११५८६ | पर्साढाप | रत्ननगर | शाखा प्रबन्धक |
| ११८ | श्री सुशिल कुमार महतो | १२५४३ | खाँदवारी | पर्साढाप | शाखा प्रबन्धक |
| ११९ | श्री ओमा सिवाकोटी | १२२१९ | संस्थागत तथा सा.म.क.विभाग | ललितपुर | शा.स. प्रबन्धक |
| १२० | श्री अम्विका सापकोटा | १२८९१ | पर्साढाप | पर्साढाप | नगद सहायक |
| १२१ | श्री विनय श्रेष्ठ | १२०३३ | पर्साढाप | पर्साढाप | सहायक |
| १२२ | श्री राम प्रसाद पौडेल | १२५८४ | दमौली | दमौली | शा.स. प्रबन्धक |
| १२३ | श्री शृजना पन्थ | १२८९९ | आर्यभञ्याङ्ग | आर्यभञ्याङ्ग | सहायक (नगद) |
| १२४ | श्री सबिना बज्राचार्य | १२८३१ | आर्यभञ्याङ्ग | आर्यभञ्याङ्ग | नगद सहायक |
| १२५ | श्री टिकाराम बुढा | १२५३५ | बैतडी | बाजुरा | शाखा प्रबन्धक |
| १२६ | श्री किसन राम लोहार | ११४२७ | दार्चुला | हसुलिया | शाखा प्रबन्धक |
| १२७ | श्री पुरुषोतम लेखक | ११४२० | हसुलिया | बैतडी | शाखा प्रबन्धक |
| १२८ | श्री राजेन्द्र सिंह धामी | ११४१९ | श्रीपुर बेलौरी | दार्चुला | शाखा प्रबन्धक |
| १२९ | श्री जीतजङ्ग सिंह | ११४१८ | बाजुरा | अत्तरिया | शाखा प्रबन्धक |
| १३० | श्री दिर्घराज ओझा | ११४१६ | अत्तरिया | सु.प.प्रदेश कार्यालय, धनगढी | उप प्रबन्धक |
| १३१ | श्री उषा भट्ट | १२१०४ | अत्तरिया | चौमाला | शाखा प्रबन्धक |
| १३२ | श्री पुष्प बहादुर रावल | ११४१० | चौमाला | प्रस्तावित शाखा का.सत्ती | शाखा प्रबन्धक |
| १३३ | श्री जय प्रकाश बराल | ११४०५ | मान्म | प्रस्तावित शाखा का.बिरेन्द्रनगर | शाखा प्रबन्धक |
| १३४ | श्री सुरेश मिश्र | १२४९६ | लम्की | मान्म | शाखा प्रबन्धक |
| १३५ | श्री अच्युत विष्ट | ११०५५ | मन्थली | ठिमी | शाखा प्रबन्धक |
| १३६ | श्री रविन्द्र कुमार मण्डल | १२०९७ | मन्थली | मन्थली | शाखा प्रबन्धक |
| १३७ | श्री नानु माया गदाल | १२५४५ | मन्थली | मन्थली | शा.स. प्रबन्धक |
| १३८ | श्री दिनेश न्यौपाने | १११६७ | ठिमी | दरवारमार्ग | शाखा प्रबन्धक |
| १३९ | श्री देविका धिताल | १२८९० | वाँसगढी | वाँसगढी | नगद सहायक |
| १४० | श्री उपेश विष्ट | ११७९० | चरीकोट | लुभु | शा.स. प्रबन्धक |
| १५० | श्री उपेन्द्र परियार | १२५३९ | चरीकोट | चरीकोट | शा.स. प्रबन्धक |
| १५१ | श्री नविन औजी | १२१४६ | लुभु | ट्रेजरी विभाग | ब.स. (सू.प्र.) |
| १५२ | श्री साबित्रा के.सी. | १२५०३ | बेशीशहर | बेशीशहर | शा.स. प्रबन्धक |
| १५३ | श्री जंगविर वि.क. | १०९७० | मुडकेचुला | मुगुम कार्मारोङ्ग | नि.शाखा प्रबन्धक |
| १५४ | श्री शिव तिवारी | १२६४८ | मुडकेचुला | मुडकेचुला | नि.शाखा प्रबन्धक |
| १५५ | श्री प्रविन ढकाल | १२६२९ | दुनै | कलंकी | ब.स. (नगद) |
| १५६ | श्री सुरेन्द्र यादव | १२४४२ | संस्थागत तथा सा.म.कर्जा विभाग | बुटवल | शाखा प्रबन्धक |
| १५७ | श्री विनोद पाण्डे | ११०६८ | बुटवल | नेपालगञ्ज | शाखा प्रबन्धक |
| १५८ | श्री केशव राज खनाल | ११०६७ | नेपालगञ्ज | ३ नं. प्रदेश कार्यालय, काठमाण्डौ | प्रबन्धक |
| १९५ | श्री हस्त बहादुर शाही | ११४७० | नेपालगञ्ज | मुख्य शाखा कार्यालय, काठमाण्डौ | सहायक प्रबन्धक |
| १६० | श्री मणिराज तामाङ्ग | १११०३ | सु.ब. बिराटनगर | १ नं प्रदेश कार्यालय | प्रबन्धक |
| १६१ | श्री सुधिर किशोर लुइटेल | १२४३८ | बिर्त्तामोड | सु.ब. बिराटनगर | शाखा प्रबन्धक |
| १६२ | श्री दिपेन्द्र शर्मा | ११०३४ | लमही | ताल्चोक | ब.स. |

युनियन गतिविधि

## युनियनहरूको संयुक्त शुभकामना कार्यक्रम सम्पन्न




**काठमाडौं, ७ कात्तिक**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड भित्र क्रियाशील रहेका तीनवटा ट्रेड युनियनहरुको संयुक्त आयोजनामा २०७६ सालको वडा दशैं, तिहार, नेपाल सम्वत् ११४०, चासोक तङ्गनाम, ल्होसार, छठपर्व लगायत अन्य समस्त नेपाली चाडपर्वहरुका उपलक्ष्यमा शुभकामना तथा चियापान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमको तीनवटै ट्रेड युनियनका अध्यक्ष क्रमशः राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष हेमराज सुवेदी, नेपाल वित्तीय संस्था कर्मचारी संघ रा.वा. बैंक लि.का अध्यक्ष गगनसिंह घिमिरे, नेपाल राष्ट्रिय कर्मचारी संगठन रा.वा. बैंक लि.का अध्यक्ष दिपेन्द्र कार्कीले संयुक्त रुपमा अध्यक्षता गर्नुभएको थियो । सो कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृतहरु, उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु, विभागीय उप प्रमुखहरु, शाखा प्रबन्धकहरु, तीनवटै युनियका पदाधिकारीहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो । सो कार्यक्रममा नेपाल राष्ट्रिय कर्मचारी संगठन रा.वा. बैंकका महासचिव उभार पाण्डेले स्वागत मन्तव्य दिनुभएको थियो । कार्यक्रमको संचालन नेपाल वित्तीय संस्था कर्मचारी संघ रा.वा. बैंकका महासचिव मिलनबाबु नेपाल र राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका सचिव ईश्वर उप्रेतीले संयुक्त रुपमा गर्नुभएको थियो ।

## राबियाको तीज कार्यक्रम सम्पन्न

**काठमाडौं, ७ भदौ**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल केन्द्रीय महिला विभागको आयोजनामा महिलाहरुको महान चाड हरितालिका तीजको अवसरमा ट्रेड युनियनमा महिला सशक्तिकरण विषयक प्रशिक्षण, दर खाने तथा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ । रावा बैंक कर्मचारी संघ नेपालकी उपमहासचिव एवं केन्द्रीय महिला विभागकी संयोजक लक्ष्मी ज्ञवालीको अध्यक्षतामा आयोजित सो कार्यक्रमको प्रमुख आतिथ्यता नेकपाकी केन्द्रीय सदस्य एवं सांसद डा.बिन्दा पाण्डेले गर्नुभएको थियो । सो कार्यक्रममा पेसागत महासंघ नेपालकी उप सभामुख मोहनकुमारी शाही, बैंक, बीमा वित्तीय क्षेत्र कर्मचारी संघ, बिफुकी राष्ट्रिय समिति सदस्य दुर्गा कार्की, राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष हेमराज सुवेदीले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा मुख्य शाखा कार्यालयकी प्रबन्धक दुर्गा कंडेलले महिलाहरुको सम्मानमा तीजको सांस्कृतिक महत्व झल्कने विषयमा गीत गाउनु भएको थियो ।

## फियनको तीज कार्यक्रम सम्पन्न

**काठमाडौं, ६ भदौ**

नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय महिला विभागको आयोजनामा नेपाली महिलाहरुको महान चाड हरितालिका तीजको अवसरमा शुभकामना आदन प्रदान तथा दर खाने कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रम नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि. महिला विभागकी निमित्त संयोजक मुना अधिकारीको सभापतित्व तथा नेपाली कांग्रेसकी केन्द्रीय सदस्य एवं नेपाल ट्रेड युनियन कांग्रेसकी पूर्व उपाध्यक्ष रमा पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सो कार्यक्रममा नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि अध्यक्ष गगनसिंह घिमिरे, नेपाल ट्रेड युनियन कांग्रेसका केन्द्रीय सदस्य पुण्यप्रसाद भट्टराई, रा.बा.बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी समेतले उपस्थित महिलाहरुमा तीजको शुभकामना दिनु भएको थियो ।

## वि.पि. जयन्तीको अवसरमा विचार गोष्ठी सम्पन्न



**काठमाडौं, २० भदौ**

नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय समितिको आयोजनामा महामानव स्व.वि.पि.कोइरालाको १०५ औं जन्म जयन्तीको अवसरमा नेपालको अर्थतन्त्र र वि.पि.को समाजवादको सान्दर्भिकता विषयक विचार गोष्ठी कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रम नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि. का अध्यक्ष गगनसिंह घिमिरेको सभापतित्व तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रदिप पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सो कार्यक्रममा नेपाली कांग्रेस केन्द्रीय नीति अनुसन्धान तथा प्रशिक्षण विभागका सदस्य एवं राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. गोबिन्दराज पोखरेल प्रमुख वक्ता, नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष पुष्कर आचार्य, बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृत, उपकार्यकारी अधिकृत, राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष हेमराज सुवेदी, नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंकका अध्यक्ष दिपेन्द्र कार्की, विभागीय प्रमुखहरु उपत्यका भित्रका कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो ।

## कम्प्लायन्स सम्बन्धि तालिम

**काठमाडौं, ४ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना तथा कम्प्लायन्स विभागको समन्वयनमा AML/CFT, CDT, Ungoing Due Delegence, Compliance Notice Circular, Role and Responsibilities of BM, ABM and Other Employees, Account Opening Form, KYC, ECDT सम्बन्धि दुई दिवसीय तालिम गत भदौ २० र २१ गते काठमाडौंमा र गत असोज ३ र ४ गते गैंडाकोटमा अलग अलग रुपमा सम्पन्न भएको छ। काठामाडौं संचालित सो तालिम कार्यक्रममा ३ नम्बर प्रदेश अन्तर्गतका शाखा कार्यालयहरुमा कार्यरत ३७ जना सहायक शाखा प्रबन्धकहरुको सहभागिता रहेको थियो भने गैंडाकोटमा संचालित सो तालिम कार्यक्रममा चितवन आसपास अन्तर्गतका शाखा कार्यालयहरुमा कार्यरत ३४ जना सहायक शाखा प्रबन्धकहरुको सहभागिता रहेको थियो । कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत केशबप्रसाद लम्साल, उप कार्यकारी अधिकृतहरु महेन्द्रप्रसाद अवस्थी, देवेशप्रसाद लोहनी, कम्प्लायन्स विभागका विभागीय प्रमुख कृष्ण शाह, तालिम तथा विकास विभागका विभागीय प्रमुख दिपक न्यौपाने, ३ नम्बर प्रदेश कार्यालयकी प्रमुख सोनी श्रेष्ठको उपस्थिति रहेको थियो । कार्यक्रममा केशबप्रसाद लम्साल, कृष्ण शाह, गगनसिंह घिमिरे, प्रमोद भुर्जी, भागीरथी मल्ल, ज्योती भट्ट, अर्तिनाथ बोकी श्रेष्ठ, प्रतिभा पन्तले बैंक कर्मचारीहरुलाई विषयगत प्रशिक्षण दिनुभएको थियो ।

## Women Leadership प्रशिक्षण कार्यक्रम

**काठमाडौं, २८ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा Women Leadership सम्बन्धि दुई दिवसीय प्रशिक्षण कार्यक्रम काठमाडौंमा सम्पन्न भएको छ । काठमाडौं उपत्यका अन्तर्गतका शाखा कार्यालयमा कार्यरत महिला अधिकृत कर्मचारीहरुलाई लक्षित गरी संचालन गरिएको सो तालिम कार्यक्रममा करिब ४६ जना महिला अधिकृत कर्मचारीहरुको सहभागिता रहेको थियो । प्रशिक्षकहरु यामकुमारी खतिवडा, रेशु अर्याल, डा. बिमला राई पौड्याल र अमुदा मिश्रले वर्क प्लेस हेरासमेण्ट, उत्प्रेरणा, नेतृत्वको गतिशील प्रक्रिया, अनुभव शेयर, सफलताको कथा, समानता सम्बन्धि विषयगत प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नेपाल बैंकिङ इन्स्टिच्युटका प्रमुख कार्यकारी अधिकृत संजिब सुब्बा, तालिम तथा विकास विभागका विभागीय प्रमुख दिपक न्यौपाने लगायतको उपस्थिति रहेको थियो ।

# रा.वा. बैंकको ब्राण्ड एम्बासडरमा मिस नेपाल २०१९ अनुष्का श्रेष्ठ नियुक्त

**काठमाडौं, ११ भदौ**




राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको व्यवसाय प्रवर्द्धनको लागि मिस नेपाल-२०१९ अनुष्का श्रेष्ठलाई एक कार्यक्रमका बिच ब्रान्ड एम्बासडरमा नियुक्त गरिएको छ। राष्ट्रिय वाणिज्य बैंक र दी हिडन ट्रेजर प्रा.लि. बिच भएको सम्झौतामा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र दी हिडन ट्रेजर प्रा.लिको तर्फबाट अध्यक्ष गोपाल सुन्दरलाल कक्षपतीले हस्ताक्षर गर्नु भएको छ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले राष्ट्रिय बाणिज्य बैंक अन्य वाणिज्य बैंकहरुसँग प्रस्तिस्पर्धा गर्दै अघि बढिरहेको र आगामी दिनमा यसको सेवालाई अझ विस्तार गर्दै लैजाने क्रममा आफ्नो व्यवसायलाई प्रवर्द्धन गर्नको लागि बैंकले आफ्नो ब्रान्ड एम्बासडरमा मिस नेपाल २०१९ अनुष्का श्रेष्ठलाई नियुक्ती गरिएको बताउनुभयो। सो कार्यक्रममा दी हिडन ट्रेजर प्रा.लिको तर्फबाट अध्यक्ष गोपाल सुन्दरलाल कक्षपतीले सरकारी बैंकसँगको यस्तो सम्झौताले सरकारी संस्थाप्रति नीजि क्षेत्रको गुनासो कम हुंदै जाने र बैंकले नयाँ पुस्तामा समेत आफ्नो उपस्थिति सशक्त बनाउन सक्ने विश्वास लिएको बताउनुभयो। सो कार्यक्रममा मिस नेपाल २०१९ अनुष्का श्रेष्ठले आफु सरकारी स्वमात्विमा रहेको बाणिज्य बैंकको ब्रान्ड एम्बासडर हुन पाउदा अत्यन्त खुसी लागेको बताउनुभयो। कार्यक्रम संचालन ईश्वर उप्रेतीले गर्नुभएको थियो।

## समवेदना

यस बैंकका उपकार्यकारी अधिकृत महेन्द्रप्रसाद अवस्थीको बुबा महादेव अवस्थी, शा.का. खानीखोलामा कार्यरत शाखा प्रबन्धक ज्ञानुप्रसाद सेढाई (१०४९८) को बुबा लक्ष्मीप्रसाद सेढाई, शा.का. खजुरामा कार्यरत नगद सहायक टेकबहादुर बि.सी.(१०६१६) को बुबा हरिबहादुर बुढा क्षेत्री, शा.का. नेपालगंजमा कार्यरत नेहा अन्सारी (१२७३७) की बुबा मोहम्बद वसी अन्सारी, शा.का. तौलिहवामा कार्यरत सहायक हृदयनारायण मिश्र (१२८५२) को बुबा सुरेमन प्रसाद मिश्र, शा.का. बैतडीमा कार्यरत सहायक प्रबन्धक हर्कसिंह भाट (९७६३) की आमा विरनादेवी भाट, शा.का. अमरसिंहचोकमा कार्यरत बरिष्ठ सहायक अरविन्द कुमार ठाकुर (११५१३) को बुबा देवनारायण ठाकुर, के.का.इलेक्ट्रोनिक बैंकिङ्ग विभागमा कार्यरत बरिष्ठ सहायक संगिता लामिछाने (८३८७) की सासु रुक्मिनी देबी लामिछाने, शा.का.मनाङ्गमा कार्यरत कम्प्यूटर सहायक पूर्णबहादुर तामाङ्ग (१२९४६) को बुबा रामचन्द्र तामाङ्गको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

## ब्रान्च प्रोफाइल

## शाखा कार्यालय बर्दघाट (३३३)

**(आ.व.२०७४/०७५ मा 'घ' बर्गमध्ये प्रथम भएको शाखा)**



| | |
|---|---|
| **निक्षेप** | : रु. ८१,९४,२९,४०१।६१ |
| **कर्जा** | : रु. ८३,५६,२८,५१८।५८ |
| **ग्राहक संख्या** | : २४०४९ जना |
| **कर्मचारी संख्या** | : ८ जना |
| **मुनाफा** | : रु. १,९५,४९,२४६।६४ |
| **NPA प्रतिशत** | : ०.४२ % |
| **शाखा प्रबन्धक** | : मदनराज डोटेल |

**सफलताको मार्ग :**

शाखामा कार्यरत उच्च मनोवलयुक्त, प्रविधिमैत्री अनुभवि कर्मचारीहरु बिच सहकार्य, समन्वय एवम् सुमधुर सम्बन्ध, प्रदेश तथा केन्द्रीय कार्यालयबाट नियमित रुपमा अनुगमन एवम् मार्गदर्शन प्रदान।

Chief Advisor: Kiran Kumar Shrestha, CEO. Advisor: Tek Raj Joshi, DEO & Information Officer.
Assistant Editor: Ishwar Upreti
Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423, E-mail: rbbnl@rbb.com.np
Printed at: Adarsha Chapakhana, Lokanthali, Bhaktapur, Tel: 9851039361